"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

प.सं.: ०८८/८९
च.नं. ५९२

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

मितिः२०७८/०५/३०

श्री वडा कार्यालय (सबै),
पाँचखाल नगरपालिका,काभ्रेपलाञ्चोक।

विषयः समन्वय तथा सहकार्य गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको मिति२०७७/०४/१९, च.न. ५० को पत्रबाट उपत्यका स्वतन्त्र निर्माण व्यवसायी संघ संस्था २०६० सालमा काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी निर्माण पेशामा संलग्न भई ठेक्का लिने व्यक्तिहरुलाई राष्ट्रिय भवन निर्माण आचार संहिता प्रविधिको तालिम गराई तालिम प्राप्त व्यवसायीलाई नगरपालिकामा सूचिकृत गर्ने र व्यवसायीको कामदारहरुको अनिवार्य रुपमा दुर्घटना विमा गराउने अभियानको लागि प्रचार प्रसार गर्न र सहयोग गर्न भनी लेखिआएकोले तहाँ वडाबाट आवश्यक समन्वय तथा सहयोग गर्नुहुन अनुरोध छ।

२०७८/५/३०

..................
(शिव प्रसाद हुमेगाई)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर-कृषि शहर"

# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं. ५९३

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मिति:२०७८/०५/३०

**विषयः यस नगरपालिका भित्र घर निर्माणमा संलग्न निर्माण व्यवसायी, डकर्मी, मिस्त्री तथा कालीगढले नगरपालिकामा सूचिकृत हुने सम्बन्धी सार्वजनिक सूचना।**

प्रस्तुत विषयमा यस नगरपालिकाका क्षेत्रभित्र घ,ग तथा ख वर्गका आवसीय तथा व्यवसायी भवनहरुको निर्माणमा संलग्न हुने निर्माण व्यवसायी, डकर्मी, मिस्त्री तथा कालीगढहरुले अनिवार्य रुपमा सहरी विकास तथा भवन निर्माण विभागले तयार पारेको भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिए पश्चात मात्र भवन निर्माण कार्यमा संलग्न हुनुपर्ने र तालिम लिएका निर्माण व्यवसायीहरु अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुनुपर्ने व्यवस्था वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२ को बुँदा १४, १५ ले गरे बमोजिम यस नगरक्षेत्रभित्र निर्माण कार्यमा संलग्न रहनुभएका भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिएका निर्माण व्यवसायी, डकर्मी, मिस्त्री तथा कालीगढले सूचना प्रकाशित भए बमोजिम तपसिलमा उल्लेखित विवरणहरुको साथमा यस नगरपालिकमा सूचिकृत हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१। नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२। भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि।
३। निर्माण व्यवसायी भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४। दस्तुर शुल्क रु ५००।-

२०७८/५/३०
..................
(शिव प्रसाद हुमेगाईं)
प्रमुख प्रशासकीय अधिकृत